तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

का.बै.सं.२५/०७५/०७६(६१) मितिः २०७६।०१।२६ गते ।

प्रस्तावहरुः

१. "तिलोत्तमा नगरपालिका भू-उपयोग मापदण्ड, २०७६" सम्बन्धमा ।
२. "तिलोत्तमा नगर प्रमुख छात्रवृत्ति कोष व्यवस्थापन कार्यविधि, २०७६" सम्बन्धमा ।
३. "तिलोत्तमा नगरपालिका रक्तदान व्यवस्थापन कार्यविधि, २०७६" सम्बन्धमा ।
४. खेल ग्रामका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
५. प्रथम तिलोत्तमा मेयरकप सम्बन्धमा ।
६. तीन पाङ्गे (ई-रिक्सा तथा टेम्पो) को संख्या तोक्ने सम्बन्धमा ।
७. लुम्बिनी भ्रमण वर्ष मनाउने सम्बन्धमा ।
८. आर्थिक सहयोग सम्बन्धमा ।
९. हाट बजारमा कार्यरत सरसफाईकर्मी सम्बन्धमा ।
१०. कृयापुत्री भवन निर्माण सम्बन्धमा ।
११. योजना कायम गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

- कार्यपालिका सदस्य श्री गणेश न्यौपानेद्धारा प्रस्तुत "तिलोत्तमा नगरपालिका भू-उपयोग मापदण्ड, २०७६" स्वीकृत गरियो ।

निर्णय नं. २

- शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रस्तुत "तिलोत्तमा नगर प्रमुख छात्रवृत्ति कोष व्यवस्थापन कार्यविधि, २०७६" स्वीकृत गरियो ।

निर्णय नं. ३

- तिलोत्तमा नगरपालिका स्वास्थ्य शाखाबाट प्रस्तुत भएको "तिलोत्तमा नगरपालिका रक्तदान व्यवस्थापन कार्यविधि, २०७६" स्वीकृत गरियो ।

निर्णय नं. ४

- नगर भित्र योजनाबद्ध रुपमा खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनका लागि खेलकूद पूर्वाधारहरुको निर्माण गर्न वाड नं.-६, स्थित श्री नवजीवन क्लवले संरक्षण गरेको र आसपासको करिब २५-०-० (पच्चिस विगाहा) जग्गा स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७६ (नेपाल सरकारद्धारा मिति २०७५/०९/१३ गते जारी

भएको) को प्रयोजनका लागि उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

- तिलोत्तमा फुटवल एकेडेमी, रुपन्देहीले मिति २०७६ जेठ २५ गते देखि आयोजना गर्न लागिएको प्रथम **"तिलोत्तमा मेयर कप फुटवल प्रतियोगिता २०७६"** नगरपालिका मुख्य प्रायोजक रहने गरी आयोजना गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. - ६

- नगरपालिका भित्रका मुख्य तथा सहायक सडकहरुमा ई-रिक्सा तथा टेम्पो संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने ।
  - क) नगरपालिकाको आवश्यकता, सडकको क्षमता, जनसंख्या, भूगोल, बजारकेन्द्र लगायतका आधारमा पहिलो चरणमा ५०० वटा तीन पाङ्ग्रे ई-रिक्सा (विद्युतिय टेम्पो) संचालनमा ल्याउने ।
  - ख) नगरलाई कार्यक्षेत्र मानी हालसम्म संचालनमा रहेका तीन पाङ्ग्रे सवारी साधनलाई सिफारिसमा पहिलो प्राथमिकता दिने ।
  - ग) संचालनमा आउने नयाँ विद्युतीय रिक्साका हकमा वातावरणमैत्री प्रविधि जडितलाई प्राथमिकता दिने ।

निर्णय नं. - ७

- प्रदेश नं. ५ सरकारले आयोजना गरेको **"लुम्बिनी भ्रमण वर्ष २०७६"** लाई सफल बनाउन देहाय बमोजिम गर्ने ।
  - क) मिति २०७६।०२।०४ गते बुद्ध पूर्णिमाका दिन विहान ७.३० बजे सिक्स लेन सडकको बीचमा हाल तयारी अवस्थामा रहेका बुद्धका मूर्तिहरु अनावरण कार्यक्रम कार्यक्रम आयोजना गर्ने ।
  - ख) प्रमुख, उप-प्रमुख र कार्यपालिका सदस्यहरु सहितको टोलीले क्रमशः उत्तर र दक्षिण दिशाबाट अनावरण गर्ने र नयाँ मिल चोकमा कार्यक्रम समापन गर्ने ।
  - ग) कार्यपालिका सदस्य श्री एच.वि.रम्तेल, श्री गिरीराज डुम्रे र श्री सीता भण्डारीले कार्यक्रमको व्यवस्थापन गर्ने ।
  - घ) कार्यक्रमको अन्य व्यवस्थापन नगरपालिकाले मिलाउने ।

निर्णय नं. ८

- तिलोत्तमा नगरपालिका शिक्षा युवा शाखामा कार्यरत विद्यालय निरिक्षक श्री सुदीप गिरी (क.स.नं.१८६५६१) मिति २०७५/१२/०८ गते आधारभूत तह उत्तीर्ण परीक्षा २०७५ को उत्तरपुस्तिका परीक्षण व्यवस्थापनको कार्यसम्पन्न गरी घर फर्कने क्रममा

मापकोट

बासुदेव घिमिरे
प्रमुख

मोटरसाइकल दुर्घटना भई टाउकोमा गम्भिर चोट लागेको हुँदा निजको उपचारको लागि रु. ५०,०००।- (अक्षेरुपी पचास हजार) औषधी उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं - ९

तिलोत्तमा नगरपालिका भित्र रहेका हाट बजारमा कार्यरत सरसफाईकर्मीहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

- सम्बन्धित हाटबजार व्यवस्थापन समितिको निर्णयानुसार प्रति व्यवसाय २० (बीस रुपैयामा) नवढ्ने गरी मासिक सरसफाई शुल्क उठाउन अनुमति प्रदान गर्ने र सोही शुल्कबाट सरसफाईकर्मीको पारिश्रमिक भुक्तान गर्ने ।
- उक्त शुल्क उठाउनको लागि सम्बन्धित हाट बजार व्यवस्थापन समितिकै नाम रहेको रसिद जारी गरी गर्ने ।
- हाटबजारमा कार्यरत सरसफाईकर्मीहरुको कुनै बाँकी बक्यौता भएमा सम्बन्धित समितिको नाममा नै रकम शोधभर्ना दिने ।
- अन्य विषय कार्यालयबाट व्यवस्थापन गर्ने ।

निर्णय न- १०

- तिलोत्तमा नगरपालिका वडा नं. ७ मा रहेको शहरी स्वास्थ्य केन्द्र परिसर रहेको जग्गा मध्ये पश्चिमतर्फ खोलाको किनारबाट साविक करहिया गा.वि.स. ४/ क हाल तिलोत्तमा न.पा.७, कि.नं. ४४ बाट ०-३-० (तीन कठ्ठा) क्षेत्रफल जग्गा विद्युतीय व्यवसायी संघद्धारा निर्माण गर्न लागिएको क्रियापुत्री भवनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय – ११

- आ.व. ०७५/०७६ ब.शी.नं. २०२० (१३) को योजना परिवर्तन गरी अम्रहवा अधुरो सामुदायिक भवन निर्माणमा कायम गरी भुक्तानी दिने निर्णय गरियो ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बासुदेव घिमिरे
नगर प्रमुख